# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०६।०६ गते।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला डोल्पा, त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ६ स्थित हरियापानी पालुङ्ग माझफाल हुदै रूकुमसम्म जोड्ने मोटरबाटो निर्माणका लागि आ.व. २०७८/०७९ मा E-BID मार्फत भएको ठेक्कामा अनियमितता गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिपुरासुन्दरी नगरपालिकाको आ.व. ०७८/७९ मा वडा नं. ६ हरियापानी पालङ्ग माझफाल हुदै रूकुमसम्म सडक योजनाको लागि रू.१,०८,२६,८९७।८६ (मू.अ.कर, पि.एस. र कन्टीजेन्सी समेत) लागत अनुमान स्वीकृत भई ठेक्का नं. TM/NCB/05/2078/079 Heriyapani-Palang-Majhphal hudai Rukum motor bato nirman योजना निर्माणको लागि मिति २०७९/०१/२५ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल तथा राजधानी दैनिक पत्रिकामा बोलपत्र आव्हानको सूचना प्रकाशित गरी मिति २०७९/०२/२४ गते बोलपत्र खोलेको मुचुल्काबाट ७ वटा निर्माण व्यवसायी फर्मले बोलपत्र पेस गरेको देखिएकोमा प्रतिवादीहरूले बदनियत राखी सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था विपरीत बोलपत्र मूल्याङ्कनको क्रममा लक्षित बोलपत्रदाता बाहेकका अन्य सार्वजनिक खरिद प्रक्रियामा सहभागी बोलपत्रदातालाई बाहेक गर्ने र आफू समेतलाई गैरकानुनी लाभ प्राप्तिकै लागि बाध्यात्मक रूपमा प्रोप्राइटर/संचालकको नागरिकताको प्रमाणपत्रलाई शर्त बन्देज राखी राख्न लगाई सोही अनुरूप खरिद प्रक्रियाको काम कारवाहीमा बोलपत्रहरूको मूल्याङ्कन अगाडि बढाई प्रचलित कानुन बमोजिम प्रक्रियामा सहभागी अन्य कम्पनीलाई ठेक्का पाउनबाट जानी बुझी बञ्चित गरे गराएको देखिएको, कुनै बोलपत्रदाताले खरिद कारवाही वा निर्णयको पुनरावलोकन सम्बन्धी निवेदन दिन सकिने व्यवस्थाबमोजिम ७(सात) दिनको अवधि दिई बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गर्नुपर्नेमा प्रकाशित मिति २०७९/०२/२७ राखी मिति २०७९/०३/०२ गते (बोलपत्रदाताले निवेदन पेस गर्न सकिने अन्तिम दिन) को राजधानी दैनिकमा प्रकाशन गरी अन्य बोलपत्रदातालाई निवेदन दिनबाट बञ्चित गरी सवैभन्दा कम कबोल गर्ने निर्माण सेवा कबोल रकम रू.३०,९९,८१८/४४ (तीस लाख उनान्सय हजार आठसय अठार रूपैयाँ चौवालीस पैसा) लाई अनुत्तिर्ण गरी/गराई सबैभन्दा बढी रकम कबोल गर्ने छल निर्माण सेवा, प्रा.लि., दुनै डोल्पाको कबोल रकम रू.१,०४,६१,७७२/०१ (एक करोड चार लाख एकसट्ठी हजार सात सय बहत्तर रूपैयाँ एक पैसा) को बोलपत्र स्वीकृत तथा ठेक्का प्रदान गरी सबैभन्दा घटी रकम कबोल र सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता निर्माण सेवाको बीच फरक रू.७३,६१,९५३/५७ (त्रिहत्तर लाख एकसट्ठी हजार नौ सय त्रिपन्न रूपैयाँ सन्ताउन्न पैसा) प्रतिवादीहरूको मिलेमतोमा सरकारी सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा दुरूपयोग गरे गराएको पुष्टि हुन आएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | त्रिपुरासुन्दरी नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **लाल प्रसाद पोखरेल** | रू.७३,६१,९५३/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो त्रिहत्तर लाख एकसट्ठी हजार नौ सय त्रिपन्न रूपैयाँ पैसा सन्ताउन्न कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | बिगोबमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन तथा गलत प्रतिवेदन दिई दिन लगाएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| २. | त्रिपुरासुन्दरी नगरपालिकाका तत्कालीन इन्जिनियर **कर्ण बहादुर कार्की** | रू.७३,६१,९५३/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो त्रिहत्तर लाख एकसट्ठी हजार नौ सय त्रिपन्न रूपैयाँ पैसा सन्ताउन्न कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन तथा गलत प्रतिवेदन दिई दिन लगाएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | त्रिपुरासुन्दरी नगरपालिकाका प्रशासकीय अधिकृत **हिरा चन्द्र धराला** | रू.७३,६१,९५३/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो त्रिहत्तर लाख एकसट्ठी हजार नौ सय त्रिपन्न रूपैयाँ पैसा सन्ताउन्न कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन तथा गलत प्रतिवेदन दिई दिन लगाएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| ४. | त्रिपुरासुन्दरी नगरपालिकाका बरिष्ठ लेखा सहायक **रूपचन्द्र बुढा** | रू.७३,६१,९५३/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो त्रिहत्तर लाख एकसट्ठी हजार नौ सय त्रिपन्न रूपैयाँ पैसा सन्ताउन्न कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन तथा गलत प्रतिवेदन दिई दिन लगाएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| ५. | त्रिपुरासुन्दरी नगरपालिकाका शिक्षा अधिकृत **भिम बहादुर थापा** | रू.७३,६१,९५३/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो त्रिहत्तर लाख एकसट्ठी हजार नौ सय त्रिपन्न रूपैयाँ पैसा सन्ताउन्न कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद |

| | | | |
|---|---|---|---|
| | | | र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन तथा गलत प्रतिवेदन दिई दिन लगाएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| ६. | त्रिपुरासुन्दरी नगरपालिकाका MIS अपरेटर **हरिचन्द्र बिष्ट** | रू.७३,६१,९५३/५७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो त्रिहत्तर लाख एकसट्ठी हजार नौ सय त्रिपन्न रूपैयाँ पैसा सन्ताउन्न कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन तथा गलत प्रतिवेदन दिई दिन लगाएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| ७. | जिल्ला डोल्पा, त्रिपुरासुन्दरी नगरपालिका वडा नं ६ स्थित हरियापानी पालुङ्ग माझफाल हुदै रूकुमसम्म सडक निर्माण कार्यको खरिद प्रक्रिया मूल्यांकनमा संलग्न बोलपत्र मुल्यांकन समितिका सदस्य **शिशिर कुमार गुरूङ** | रू.७३,६१,९५३/५७ | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो त्रिहत्तर लाख एकसट्ठी हजार नौ सय त्रिपन्न रूपैयाँ पैसा सन्ताउन्न कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांस बमोजिम मुख्य कसुरदार सरह सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ८. | **छल निर्माण सेवा प्रा.लि.**, दुनै, डोल्पा र उक्त निर्माण सेवाका **प्रो. दिपचन्द्र रोकाया** | रू.७३,६१,९५३/५७ | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा त्रिहत्तर लाख एकसट्ठी हजार नौ सय त्रिपन्न रूपैयाँ पैसा सन्ताउन्न कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को |

| | | | |
|---|---|---|---|
| | | | प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने